

# बराण्डाभार जैविक मार्ग संरक्षणः समस्या र समाधान



**सुमन भट्टराई, दीपा पौडेल**
**उप-प्राध्यापक, वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस, पोखरा**

चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत भएर जाने चुरे र महाभारत पहाडलाई जैविक रूपमा जोड्ने बराण्डाभार जैविक मार्ग जैविक विविधता संरक्षणको हिसावले अति नै महत्त्वपूर्ण रहेको छ । मौसम अनुसार अनुकूलनको साथसाथै आहार, सुरक्षित वास तथा पानीको लागि वन्यजन्तुहरू चितवन राष्ट्रिय निकुञ्ज, चूरे र महाभारत पहाड बीच आवाज जावत गर्न यस मार्गको प्रयोग गर्दछन् । यसकारण चितवन तथा यसका पहाडी, तराई तथा उपत्यका क्षेत्र जीवजन्तुहरूको राम्रो वासस्थान बनेको छ । फलस्वरूप यस क्षेत्रमा विश्वमा नै दुर्लभ वन्यजन्तु प्रसस्त मात्रामा पाइन्छन् । पछिल्लो समयमा वन्यजन्तु संरक्षणको लागि भू-परिधीय कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने कुरा औंल्याँइरहदा तथा गरिरहदा यस जैविक मार्गको महत्त्व झन बढेर गएको छ ।

जैविक विविधता संरक्षणको हिसाबले विश्वमा नै चर्चित यस जैविक मार्ग पछिल्ला वर्षहरूमा विभिन्न कारणवंश वन्यजन्तुका लागि असुरक्षित तथा आवतजावत गर्न निकै कठिन हुँदै गएको छ । प्रमुखतः यस जैविक मार्ग भएर जाने महेन्द्र लोकमार्ग (भरतपुर उप-महानगरपालिका र रत्ननगर नगरपालिका विचको खण्ड) बाट सिर्जित समस्याहरूका कारण वन्यजन्तुलाई यस जैविक मार्ग प्रयोग गर्नमा समस्या भएको छ । यही लोकमार्ग र यसबाट सृजित समस्याहरूका कारण वन्यजन्तुहरू यस मार्ग प्रयोग गर्न छाडिसकेका छन् भने कतिले मुश्किलका साथ प्रयोग गर्ने गरेको पाइन्छ । त्यसैगरी स्थानीय समुदाय यस क्षेत्रलाई संरक्षित वनको रूपमा व्यवस्थापन गर्नुभन्दा पनि सामुदायिक वनको रूपमा हस्तान्तरण गर्नु पर्ने माग भएकोले यो जैविक मार्ग वन्यजन्तुहरूको पर्यावरणीय क्रियाकलापका लागि थप जटिल बन्दै गएको थियो ।

तल दर्शाइएका क्रियाकलाप (समस्या) हरू का कारण वन्यजन्तुको आवतजावतमा कमी आएको छ भने यो स्थान हाल वन्यजन्तुको लागि प्रतिकुल बन्दै गहिरहेको छ ।

**समस्याहरूः** यस जैविक मार्गको प्रमुख समस्या भनेको महेन्द्र लोकमार्ग तथा यसका कारण सृजित विभिन्न क्रियाकलापहरू र जनचेतनाको स्तरमा रहेको कमी हो ।

**क.सवारी साधन** : यस जैविक मार्गलाई महेन्द्र लोकमार्गले चितवन जिल्लाको भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिका बिचको खण्डमा पूर्णरूपमा काटेको छ । विकाशक्रम सँगसगै सवारी साधनको संख्या बढ्दै जानाले यस क्षेत्रमा वन्यजन्तुहरूको आवत जावतमा नराम्ररी असर परिरहेको छ । यस स्थानमा चल्ने सवारी साधनको कारण निम्न समस्या सिर्जना भैरहेको छ ।

**अत्याधिक चाप** : मानव जनसंख्या वृद्धि सँगसँगै एकातिर वन्यजन्तुका वासस्थानमा असर परेको छ भने अर्कोतिर जैविक मार्गमा सवारी साधनको चाप पनि बढिरहेको छ । जनसंख्याको वृद्धिले वासस्थानमा परेको असरका कारण वन्यजन्तुहरू वासस्थान छिटोछिटो परिवर्तन गर्ने गर्दछन् र यस जैविक मार्गको अधिक प्रयोग गर्न खोज्दछन तर सवारीको चाप अत्याधिक बढ्नाले वन्यजन्तुहरू लोकमार्ग पार गर्न नसक्ने तथा कयौं त सवारी साधानसँग ठोक्किएर दुर्घटना भई मर्ने गर्दछन् ।

**सवारी साधन बीच अस्वस्थ्य प्रतिस्पर्धा** : यस्ता संवेदनशील क्षेत्रहरू वन्यजन्तुहरूसँग हुने दुर्घटना सवारी साधनको संख्याको चाप भन्दा पनि त्यस स्थानमा चल्ने सवारी साधनको गतिमा बढी निर्भर गर्दछ । एक त सवारी साधानको चाप अत्यधिक र अर्कोतर्फ सवारी साधान बीच प्रतिस्पर्धात्मक रूपमा हाक्ने प्रवृतिले पनि वन्यजन्तुहरू तर्सने र उनीहरूले लोकमार्ग वारपार गर्नमा कठिनाइ भोगिरहेका छन् ।

**विश्रामस्थल** : अधिकांश सवारीसाधनहरू अझ ट्रक तथा मालवाहक साधनहरू यस जैविक मार्ग बीचमा रोकी चालक तथा सहचालकहरू लामो समय आराम गरेर वसिदिनाले पनि वन्यजन्तुहरू लाई असहज वातावरण वनिरहेको छ । कति पय यात्रु बाहक बसहरू समेत पनि रोक्ने गरेको पाइन्छ ।

**ध्वनि प्रदूषण** : एक प्रतिस्पर्धा (तीब्र गति) र अर्को गैह्रकानूनी मानिने ठूल्ठूला ध्वनियन्त्र (Pressure Horn) को प्रयोगले ध्वनि प्रदूषण बढिरहेको छ जसले गर्दा वन्यजन्तुहरू तर्सिने, झस्कने तथा भाग्ने गर्दछन् । यसरी तर्सिएर भाग्दाको बखत जनावरहरू रूखहरूमा ठोकिएर मर्ने अंगभंग हुने गर्दछन् भने यसरी तर्सिएर भागेका जनावरहरू पूनः त्यस स्थानको प्रयोग गर्न अप्ठेरो मान्दछन् ।

**शौच** : दैनिक रूपमा यस जैविक मार्ग अन्तर्गतको लोकमार्गमा गुड्ने अधिकाँश मानव सवारी साधनहरू सयौंको संख्यामा शौंचका लागि यस जैविक मार्गमा रोक्ने गर्दछन । यसरी रोकिएका सवारीसाधनले वन्यजन्तुलाई प्रतिकुल वातावरण सृजना गराउदछन् भने यात्रुहरू शौचको लागि हो-हल्ला गरी वनमा पस्दा वन्यजन्तुहरू झस्कने गर्दछन् ।

**ख. प्रदुषण/फोहोर** : यस जैविक मार्गमा दुई प्रकारबाट गरिने फोहोर कारण यस क्षेत्र अत्याधिक रूपमा प्रदूषित बन्ने गरेको छ जसले गर्दा प्रत्यक्ष रूपमा वन्यजन्तुमा असर परिरहेको छ । प्रदूषणको प्रमुख कारणहरूमा लोकमार्गमा चल्ने साधन र स्थानीय व्यवसायीहरूका फोहोर फ्याँक्ने क्रियाकलापलाई प्रमुखतः लिन सकिन्छ ।

**सवारी साधनबाट सृजित** : मानव सवारीसाधन बाट फ्याँकिने खानेकुराको प्याकिड जस्तैं पानीको बोतल, जुसका प्याक, चाउचाउ, विस्कुट, चकलेट लगायतका खाद्यवस्तुको खोलहरूले वन्यजन्तु लाई तर्साउने गर्दछ । रातमा यी खोलहरूमा सवारीसाधनको प्रकाश पर्दा वन्यजन्तु झस्किने र डराउने गर्दछन् । अझ नुनको मात्रा पाउने

हेतुले विभिन्न खाद्यवस्तुको खोलहरू समेत साकाहारी तथा मांशाहारी वन्यजन्तुले खाने हुनाले प्लास्टिक अड्केर मर्ने गर्दछन ।

**व्यवसायीबाट सृजित** : स्थानीय तथा केही परका व्यवसायीले आफ्ना व्यवसायबाट सृजित फोहोरहरू जस्तै पेय पदार्थ (वियर, मदिरा तथा जुस) बोतल, सामग्रीहरूका प्याक तथा प्लास्टिक, औषधिजन्य फोहरहरू यसस्थानमा फयाक्ने गर्दछन् । यस्ता वस्तुहरू जनावरले खानाले वन्यजन्तुहरू मर्ने गर्दछन्। त्यसैगरी सिसा वा काँचका टुक्रामा वन्यजतुले टेक्दा वन्यजन्तु घाइते हुने तथा मर्ने गर्दछन्।

**ग. अव्यवस्थित मानव चाप** : यस क्षेत्रमा मानबीय चाप पनि निकै बढी छ जसलाई २ भागमा विभाजन गर्न सकिन्छ।

**वन पैदावार संकलन** : कयौं मानिसहरूले लोकमार्गका कारण सहज रूपमा वन पैदावार ढुवानी गर्न सकिने हुनाले यस क्षेत्रलाई अत्यधिक रूपमा प्रयोग गर्ने गर्दछन् । यसरी जथाभावी वन पैदावार संकलन तथा मानवीय चापका कारण यस संवेदनशिल स्थानका जनावरलाई असर परिरहेको छ।

**अनैतिक क्रियाकलाप** : यस क्षेत्रको लोकमार्गमा विभिन्न अपराधका लागि मानिसहरू लुकिछिपी वस्ने, सवारीसाधान रोकी लुट्ने काम समेत हुने हुँदा यस क्षेत्रको अनुगमनमा असर परिरहेको छ। जसले वन्यजन्तुलाई पनि असुरक्षित तथा नकारात्मक असर पारिरहेको छ।

**घ. सामुदायिक माग** : यस जैविक मार्गका स्थानीय वासिन्दाहरूले आफुलाई पायक पर्ने गरि यस क्षेत्रलाई अन्यत्र जस्तै गरी वन पैदावार उपभोगको लागि सामुदायिक वनको रूपमा हस्तान्तरण गर्नु पर्ने माग राखेको पाइन्छ। यसले गर्दा मानविय चाप बढ्न गई वन्यजन्तुहरूलाई आवत जावत गर्न असुरक्षित बनाउन सक्नेदेखिन्छ। यदि यस क्षेत्र पूर्णरूपमा सामुदायीक वनको रूपमा हस्तान्तरण गर्दा मानवीय चाप बढ्न गई वन्यजन्तुलाई असर पर्दछ।

**ङ. होर्डिङ्ग वोर्डको स्थापना** : जैविक मार्गमा पर्ने लोकमार्गको बीच बीचमा राखिएका व्यापारीक तथा संरक्षणका समेत होर्डि वोर्डहरूले वन्यजन्तुलाई तर्साउने अल्झाउने गर्दछ। अझ रातमा सवारी साधनका बत्तीको (प्रकाश) उज्यालो यसमा पर्दा टल्किएर वन्यजन्तु अत्यधिक मात्रामा झस्किने र तर्सिने गर्दछन्।

**च. समन्वयको कमी** : संरक्षण सँग सम्बन्धित सरोकारवालाहरू धेरै भएतापनि यी सरोकारवालाहरू बीचमा समन्वय नहुँदा यस जैविक मार्गको यथोचित रूपमा संरक्षण हुन सकिरहेको छैन्। जसले गर्दा वन्यजन्तुलाई यस जैविक मार्ग प्रयोग गर्न अनुकूल वातावरण बनिरहेको छैन भने स्थानीय समुदायहरू पनि संरक्षण मार्फत हुने अपेक्षित लाभ लिन सकिरहेका छैनन्।

माथि उल्लेखित क्रियाकलापका कारण बराण्डाभार जैविक मार्ग असुरक्षित तथा वन्यजन्तुहरूलाई प्रतिकूल असर परिरहेको छ जसले गर्दा जैविक विविधतामा ह्रास आउने क्रम बढ्दो छ।

**समाधान** : हरेक समस्यासँगै समाधानका उपायहरूको सम्भावनाहरू पनि उतिकै रहेको हुन्छ तर त्यी कार्यक्रमहरूका सम्भावना उपलब्ध स्रोत तथा साधनमा निर्भर गर्दछ । यसको समाधानको उत्तम तथा प्रभावकारी उपाय भनेको यस जैविक मार्गलाई संरक्षित वनको रूपमा व्यवस्थापन गर्नु र लोकमार्गको यस खण्डको बीचबीचमा आकासे तथा भूमिगत वन्यजन्तु मार्ग (भूमिगत / सुरुङ्ग) (Over bridge or underground path) को निमार्ण गर्नु हो। तर स्थानीयको माग पनि सम्बोधन गर्नुपर्ने र आकाशे वन्यजन्तु मार्ग (Over bridge) वा भूमिगत / सुरुङ्ग वन्यजन्तु मार्गको स्थापनाको लागि अत्याधिक स्रोत तथा साधन र समय लाग्ने भएकाले तल उल्लिखित कार्यक्रम मार्फत माथि औंल्याँइएका समस्यालाई न्यूनीकरण गर्न सान्दर्भिक हुन आउछ।

**क. सवारी साधन** : विकाशक्रम सँगसगै सवारी संख्या बढ्दै जानु प्राकृतिक नियम जस्तै हो यसलाई कम गर्न सजिलो छैन तर व्यवस्थित भने गर्न सकिन्छ। यस जैविक मार्गमा पर्ने महेन्द्र लोकमार्ग (चितवन जिल्लाको भरतपुर उपमहानगरपालिका र रत्ननगर नगरपालिका बीच) को खण्डमा सवारी चालकलाई लक्षित गरी सूचना मुलक वोर्ड तथा रोकेर नियमको जानकारी दिलाउन सकेमा, सवारीसाधनको गतिमा सीमित तथा कडा ध्वनि यन्त्र (Pressure Horn) को प्रयोगमा रोक लगाउन सकिन्छ जसले सम्भावित चुनौतिहरूलाई धेरै हदसम्म न्यूनीकरण गर्न गर्न सकिन्छ।

**अत्यधिक चापमा सामन्यजस्यता** : समग्र सवारी साधनको संख्याभन्दा त्यस स्थानमा चल्ने सवारी साधनको चाप वन्यजन्तुको लागि बढी भयानक हुने गर्दछ। साथै बढ्दो जनसख्या तथा विलासिता जीवन शैलीले बढावा पाइरहेको परिप्रेक्षमा, सवारी साधन घटाउन गाह्रो हुन्छ। त्यसैकारण समग्र सवारीसाधनको संख्या घटाउन नसकिएतामा पनि वन्यजन्तु बढी क्रियाशील रहने समय र बढी आवात जावतको गर्ने समय विहान र वेलुका (साझ) पख सवारी साधनको चापमा कम गर्न सकेमा पनि सवारी साधनका कारण वन्यजन्तुमा पर्ने चापलाई निकै कमगर्न सकिन्छ। यसो गर्दा सवारी साधानमा ठोक्किएर हुने वन्यजन्तुको दुर्घटनामा पनि कमी आउन थाल्छ।

**सवारी साधन बीचको अस्वस्थ्य पतिस्पर्धामा नियन्त्रण** : सवारीसाधनको सँख्याको चाप भन्दा त्यस स्थानमा चल्ने सवारी साधनको गति वन्यजन्तुको लागि बढी जोखिम पूर्ण हुने गर्दछ। यस मार्गमा प्रवेश गर्दा सवारीको गति सीमितको संकेतको वोर्ड स्थापना, गतिको किटान, चार पाँग्रा वा सो भन्दा ठूला सवारीले एक अर्कालाई उछिन्न नपाउने नियम वनाई कार्वान्वयन गराउनु पर्दछ। जसले गर्दा ध्वनि प्रदुषण तथा कोलाहलमा कमी हुनुको साथसाथै वन्यजन्तु मैत्री वातावरण सृजना हुन जान्छ।

**विश्रामस्थल** : इन्धनवाला कुनै पनि तिन पाँग्रा वा सो भन्दा ठूला सवारीसाधनहरूलाई विशेष परिस्थिति (विग्रेको, उद्धार, अनुगमन तथा अन्य) वाहेक यस जैविक मार्गबिचमा रोक्न मनाही गर्नु पर्दछ। यदि विग्रको खण्डमा तुरुन्तै सुरक्षा निकाय तथा सरोकारवालाहरूलाई खवर गरि त्यस स्थानबाट त्यी सवारीसाधनहरूलाई यथासक्य चाडो बाहिरी क्षेत्रमा निकाल्नु संरक्षणको हिसाबबाट बुद्धिमानी हुन्छ।

**ध्वनि प्रदूषण** : यस जैविक मार्ग क्षेत्रमा ध्वनि (हर्न बजाउन) निषेध गराउनु पर्दछ। पूर्ण निषेधका साथसाथै गैह्रकानुनी मानिने वा ठूला आवाज दिने ध्वनियन्त्र (Pressure Horn) लाई नियन्त्रणमा लिने र जफत गर्नुपर्दछ। यदि हर्न बजाएको पाइएमा जरिवान क्रमिक रूपमा बढ्ने गरी तिराउनु पर्दछ।

**शौच** : कुनै पनि सवारी साधनलाई यस जैविक मार्गमा रोक्ने काममा नियन्त्रण गरिसकेपछि शौच स्वतः नियन्त्रणमा आउछ। यदि शौचलाई व्यवस्थित गर्ने हो भने जैविक मार्ग प्रवेशअगावै दुवैतर्फ सार्वजनिक शौचालयको व्यवस्था गर्नुपर्दछ।

**ग. फोहोर व्यवस्थापन** : यस जैविक मार्गमा कुनै पनि प्रकारबाट हुने फोहोरलाई नियन्त्रण गर्नु पर्दछ। प्रदुषण न्यूनीकरण गर्न सकिएन भने अन्य क्रियाकलापमा जति नै जोड दिए पनि यस जैविक मार्ग वन्यजन्तु अनुकूल हुन सक्दैन । त्यसैले लोकमार्गमा चल्ने सवारी साधन र स्थानीय व्यवसायीहरूले फ्याँक्ने फोहोरलाई निम्न तरिकाले नियन्त्रण गर्न सकिन्छ।

**सवारी साधनबाट सृजित फोहर व्यवस्थापन** : मानव सवारी साधनबाट जैविक फोहोर बाहेक अन्य फोहोर नफ्याँक्न यात्रुहरूलाई सूचित गर्न हरेका सवारीचालक तथा मालिकलाई जिम्मा दिनु पर्दछ। जैविक मार्गको क्षेत्रभित्र प्रवेश गर्ने स्थानमा हरेक सवारीसाधनलाई रोकि पहिलो ६ महिनासम्म जानकारी दिने गर्नु पर्दछ। यदि जैविक फोहोर वाहेक खानेकुराको प्याकिङ्ग जस्तैं पानीको बोतल, जुसका प्याक, चाउचाउ लगायतका खाद्यवस्तुको खोलहरूफ्याँकेको पाइएमा फ्याँक्नेलाई कार्वाही स्वरूप जरिवाना तिराउनु पर्दछ । वा सवारी धनीबाट असुल्नु पर्दछ। यसको लागि निरन्तर अनुगमन गर्नेगर्नु पर्दछ भने प्रवेशद्वारमा सूचना पाटी राख्नु पर्दछ। यदि एउटै सवारी साधनबाट गल्ती दोहोरिहेको खण्डमा क्रमशः जरिवानाको रकम बढाउदै लैजानु पर्दछ।

**व्यवासायीबाट सृजित फोहोर व्यवस्थापन** : अक्सर गरेर रात परेपछि तथा विहान उज्यालो नहुदै र कहिले काहि दिउँसोको समयमा व्यवसायीले आफ्ना व्यवसायबाट सृजित फोहोरहरू फ्याँक्ने गरेको बेग्रल्ती भेटिन्छन् । यस्ता क्रियाकलापहरूलाई निस्तेच पार्न सो समयमा अधिक्तम अनुगमन र दोषी उपर कार्वाहि तथा जरिवाना असुल्नु पर्दछ। यदि यस्ता क्रियाकलाप दोहोरिहेको खण्डमा क्रमिक रूपमा सजाय तथा जरिवाना बढाउने सम्बन्धित व्यक्तिलाई तिराउनु पर्दछ। भने फोहोर फाल्न प्रयोग गरिएका सवारिसाधन जफत गर्नु पर्दछ। यसकुराको जानकारी नियम लागूहुने भन्दा केही समय अगावै विभिन्न स्थानीय तथा राष्ट्रिय सञ्चारमाध्यम जस्तैः रेडियो, टेलिभिजन, पत्रपत्रिका बाट गराउनु बढी सान्दर्भिक हुन्छ।

**घ. अव्यवस्थित मानव चाप व्यवस्थापन**: यस क्षेत्रमा हुने मानवीय चापलाई देहाय बम्बोजिम कम गर्न सकिन्छ।

**वन पैदावार संकलनलाइ व्यवस्थापन** : सर्वप्रथम त लोकमार्ग प्रयोग गरि वन पैदावार संकलन गर्न निषेध गर्नुपर्दछ। निरन्तर अनुगमन, जनचेतना तथा कारवाही (जरिवाना तथा हतियार जफत) को मार्फत यस किसिमको समस्यालाई कम गर्न सकिन्छ। यसकुराको जानकारी भने नियम लागू हुनुभन्दा केहि समय पूर्व नै विभिन्न स्थानीय तथा राष्ट्रिय सञ्चारमाध्यम जस्तैः रेडियो, टेलिभिजन, प्रत्रपत्रिका बाट गराउनु पर्दछ। यसको लागि स्थानीय वन उपभोक्ता समिति तथा अन्य सरोकावालाहरूको सहयोग लिनु प्रभावकारी हुन्छ।

**अनैतिक क्रियाकलाप नियन्त्रण** : यस क्षेत्रको लोकमार्गमा निरन्तर अनुगमन वा गस्ती गर्नुपर्दछ। यदि अनैतिक, गैह्रकानुनी क्रियाकलाप वा असम्बन्धित व्यक्तीहरू भेटिएमा सोधखोज र त्यस संस्थानमा रहनुको कारण बारे जानकारी लिनुपर्दछ। यदि नकारात्मक भेटिएमा कारवाही गर्नुपर्दछ।

**ङ. सामुदायिक माग सम्बोधन तथा संरक्षित वन घोषणा** : हाल सबैतिर राष्ट्रिय वनलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गर्दा पनि संरक्षणमा मिलेको सफलतालाई हेर्दा र स्थानीय समुदायको वन पैदावारको मागलाइ पनि संवोधन गर्दै वन्यजन्तुलाई पनि सुरक्षित आवतजावतको व्यवस्थाका लागि उत्तम विकल्पको योजना बनाउन आवश्यक छ । त्यसका लागि स्थानीय समुदायलाई यस क्षेत्रको वाहिरी भागको केहि दुरीसम्मको वनलाई मध्यवर्ती क्षेत्रको रूपमा सामुदायीक वनको रूपमा हस्तान्तरण गर्ने र बीचको भागलाई संरक्षित वनको रूपमा व्यवस्थापन गर्नु नै उत्तम विकल्प हुनेछ। यसोगर्दा स्थानीय समुदायको माग पनि सम्बोधन हुने र वन्यजन्तुलाई पनि आवतजावतको लागि सुरक्षित क्षेत्र हुनेछ। साथै स्थानीय समुदायलाई यस जैविक क्षेत्रको संरक्षणमा परिचालन गर्न सकिने वा उनिहरूको सहयोग लिन सकिने वातावरण निमार्ण हुन सक्छ।

**ड. होर्डिङ्ग बोर्डको स्थापना रोक** : जैविक मार्गमा पर्ने लोकमार्गको बीच बीचमा व्यापारी होस वा सूचनामूलक कुनै पनि होर्डिङ्ग बोर्डहरू राख्न रोक लगाउनु पर्दछ हाल भएकालाई यथासक्य हटाउनु पर्दछ। सूचनामूलक होर्डिङ्ग बोर्डहरू प्रवेशद्वारमा मात्र राख्ने व्यवस्था मिलाउनु उत्तम हुन्छ।

**च. समन्वय** : माथि उल्लिखित समाधानका उपायहरू केवल एकको मात्र प्रयासले संभव छैन। यसका लागि स्थानीय, क्षेत्रीय, राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरका सरोकारवालाहरू जस्तैः संरक्षण, सुरक्षा तथा स्थानीय निकाय तथा समुदायहरू को सहकार्य र समन्वयले मात्र संभव छ। चितवन राष्ट्रिय निकुञ्ज तथा जिल्ला वन कार्यालय यिनका सम्बन्धित विभाग तथा मंत्रालय, सामुदायीक वन उपभोक्ता समिति, मध्यवर्ती सामुदायीक वन उपभोक्ता समिति, उद्योग वाणिज्य संघ, सम्बन्धित नगरपालिका तथा गाँउ विकास समितिहरू, सुरक्षा निकाय (नेपाल प्रहरी, सभसत्र प्रहरी, नेपाली सेना, यातायात व्यवसायी संघ, नागरिक समाज, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह सरकारी संस्थाहरू, सामुदायीक संघसंस्थाहरू, राजनैतिक दलहरू, विद्यालय तथा विधार्थीहरू लगायत अन्य संवन्धित संघसंस्था तथा व्यक्तिहरूको सहयोग, आपसी समभ्रदारी तथा मेलमिलापबाट मात्र यो संभव हुन्छ।

यति गर्न सकेमा यस जैविक मार्गले विश्वमा दुर्लभ वन्यजन्तु संरक्षण गर्दै विविधता कायम गर्न सक्दछ। भने पर्यावरणीय सन्तुलन कायम हुदा यस क्षेत्रको महत्व भ्रन बृद्धि हुनुको साथसाथै थप अवसरहरू सृजना भई राष्ट्रिय तथा स्थानीय तहको आर्थिक र सामाजिक विकासमा समेत टेवा पुगदछ।

**हार्द्धिक कृतज्ञता**

यस लेख लेख्नमा द रूफोर्ड फाउण्डेसन, यू के, वन विज्ञान अध्ययन सस्थान पोखरा क्याम्पस, पोखरा, प्रा. चिरन्जीवी प्रसाद उपाध्याय, प्रा.डा. सन्तोष रायमाभ्री, प्रा.डा. केशव दत्त अवस्थी, गणेश पन्त, निलम चन्द्र पौडेल, विनोद रेग्मी, शंकर पौडेल, स्व. कृतिनाथ पौडेल, विमल कान्त डल्लाकोटी, राज कुमार भट्ट, योवन कुमार पराजुली तथा अन्य प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्ने महानुभावहरू प्रति कृतज्ञ छौं।